**बालेफी गाँउपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
बलेफी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

**सिन्धुपाल्चोक जिल्लाको बालेफी गाउँपालिकाका भएर बग्ने सुनकोशी र ब्रह्मायणी नदीबाट बालुवा, गिट्टी तथा ढुङ्गा उत्खनन्/संकलन कार्यका लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारीको सिलसिलामा सार्वजनिक सुनुवाइ सम्बन्धी सार्वजनिक सूचना**

**(प्रकाशित मिति: २०८२/१२/ १७)**

बागमती प्रदेश, सिन्धुपाल्चोक जिल्ला, बलेफी गाउँपालिकामा, सिन्धुपाल्चोकद्धारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | **प्रशासन योजना तथा अनुगमन शाखा**<br>गाउँ कार्यपालिकाको कार्यालय<br>बलेफी गाउँपालिका, बलेफी, सिन्धुपाल्चोक<br>सम्पर्क नं.: ०११-४००५३८, ०११-४००५३९<br>ई-मेल:- balephi2017@gmail.com |
| प्रस्तावको व्याहोरा | बालेफी गाउँपालिका भएर बग्ने सुनकोशी र ब्रह्मायणी नदीबाट दैनिक १०० घनमिटर भन्दा बढि ३०० घनमिटर सम्म बालुवा, गिट्टी तथा ढुङ्गा उत्खनन्/संकलन तथा विक्री गर्ने योजना रहेको छ। |
| प्रभाव पर्न सक्ने क्षेत्र | बागमती प्रदेश, सिन्धुपाल्चोक जिल्ला, **बलेफी गाउँपालिका** |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको जैविक तथा पारिस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र साँस्कृतिक प्रणालीहरु बीच के कस्तो सकारात्मक तथा नकारात्मक प्रभाव पर्दछ भनी यकिन गर्न सो क्षेत्रको विद्यालय, अस्पताल, स्वास्थ्यचौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएकोले तलको मिति, समय र स्थानमा सार्वजनिक सुनुवाइ कार्यक्रम आयोजना हुन गैरहेको हुँदा सम्बन्धित सरोकारवाला संघ संस्था, र व्यक्तिहरूको उपस्थितिका लागि हार्दिक अनुरोध गरिन्छ।

**सार्वजनिक सुनुवाइ कार्यक्रम हुने मिति, समय र स्थान:**

- **मिति:** २०८२/ १२/ २७ गते, शुक्रबार
- **समय:** बिहान ११.३० बजे
- **स्थान:** बालेफी गाउँपालिकाको सभा हल, बलेफी, सिन्धुपाल्चोक